# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

प्रदेश नं.३, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं.: २०७९/०८०

च.नं.: २२१

मिति : २०७९/१०/२४

**विषयः- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०७९ सञ्चालन सम्बन्धमा ।**

श्री प्रधानाध्यापक/प्रिन्सिपलज्यू
सबै विद्यालय (सामुदायिक/संस्थागत) हरु
चन्द्रागिरि नगरपालिका ।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं.२११ मिति २०७९।१०।१९ को राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धि पत्रमा मार्सल आर्ट तर्फका खेलहरु धन बहादुर स्मृति प्रतिष्ठान, बोसिगाउँमा सञ्चालन गर्ने भनिएकोमा विशेष कारणबस प्रतियोगिता सञ्चालन समितिको मिति २०७९।१०।२३ र २०७९।१०।२४ को निर्णयानुसार उक्त विधाका खेलहरु **ब्राइटफ्युचर माध्यमिक विद्यालय तिनाथानामा** सञ्चालन हुने भएकोले सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ । साथै, उक्त प्रतियोगितामा सहभागीताको मिति २०७९।१०।१९ मा प्रकाशित पत्रमा उल्लेख भएका विशेष व्यवस्था सहित देहाय बमोजिम थप प्रकृयाहरु गर्नु गराउनु हुन सबै विद्यालयहरुलाई जानकारी गराइन्छ ।

<u>देहायः</u>

१. २०७९ साल माघ २९ गते दिनको २ बजेसम्म कुन विधामा कुन विद्यार्थी खेलाडी सहभागी हुने हो सो कुरा स्पष्ट खुल्नेगरी यसै सूचनासाथ संलग्न फाराम भराई खेलाडीको फोटो समेत टाँसी प्र.अ.बाट प्रमाणित गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु गराउनु हुन ।
२. ग्रुप खेलाडी सहभागी हुने खेल बाहेक एकल प्रतिस्पर्धा हुने खेलहरुमा प्रत्येक खेलका लागि २ जना विद्यार्थी खेलाडी सहभागी गराउन सकिनेछ ।
३. प्रतियोगिता उद्घाटन सत्र २०७९।११।०२ गते विहान १० वजे ब्राइटफ्युचर माध्यमिक विद्यालय तिनथानामा हुने भएकोले सबै विधामा भाग लिने विद्यार्थीहरु सहित प्रधानाध्यापक/प्रिन्सिपल तथा खेल शिक्षक उपस्थिति हुनुपर्नेछ ।
४. प्रतियोगिता सम्बन्धी आवश्यकता अनुसार थप जानकारीहरु क्रमशः प्रकाशन हुँदै जानेछ ।

बुद्धिप्रसाद भट्ट
शिक्षा अधिकृत

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारम

सहभागी विद्यार्थीको नामः

विद्यालयको नाम/ठेगानाः

अध्ययनरत कक्षा :

जन्म मिति :

सहभागी हुने खेलः

सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठीक साँचो हो भनी प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्यसचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| सम्पर्क नं. | सम्पर्क नं. | सम्पर्क नं. | सम्पर्क नं. |
| विद्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः |

खेलाडीको जन्मदर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।